# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, जेठ १३ गते, २०७९ साल (अतिरिक्ताङ्क ४

## भाग ३

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपालको

## सूचना

### सम्मान र पदक प्रदान गर्ने (पहिलो संशोधन) मापदण्ड, २०७९

विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "सम्मान र पदक प्रदान गर्ने (पहिलो संशोधन) मापदण्ड, २०७९" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>सम्मान र पदक प्रदान गर्ने मापदण्ड, २०७८ को दफा २७ मा संशोधनः</u>** सम्मान र पदक प्रदान गर्ने मापदण्ड, २०७८ को दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

"२७. **<u>सम्मान र पदकको संङ्ख्याः</u>** यस मापदण्ड बमोजिम क्षेत्रगत रुपमा पाउने सम्मान र पदकको सङ्ख्या प्रदेश सरकारले घोषणा गर्दाका बखत तोकेको सङ्ख्या अनुसार हुनेछ।"

**आज्ञाले,**
**नारन प्रसाद पोखरेल**
**प्रदेश सरकारको निमित्त सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-